# प्रदेश सभा

## गण्डकी प्रदेश

## चौथो अधिवेशन

## (चौथो बैठक)

## मिति : २०७६/०२/२० दिनको १.०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको चौथो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको १ बजेर ४६ मिनेटमा प्रारम्भ भयो।

### माननीय सभामुख

माननीय सदस्यहरु आजको बैठक कारवाही प्रराम्भ हुन्छ।

माननीय सदस्यहरु, म बस्न अनुरोध गर्छु ।

माननीय सदस्यहरु, म बस्न अनुरोध गर्छु ।

माननीय सदस्यहरुको के छ ? प्रतिपक्ष दलको नेताले आफ्नो कुरा राख्न अनुरोध गर्छु ।

सभामुख महोदय, हामी अहिले यो संघीय लोकतान्त्रिक गणतन्त्रको एउटा अभ्यासको क्रममा छौं । कतिपय कुराहरु नयाँ अभ्यास भएको हुनाले त्यसलाई हामीले सहज रुपमा लिनुपर्छ जस्तो मलाई लाग्दैछ । आज म दोस्रो पटक उठ्नु पर्दाको कारण तर्फ मैले इन्डीकेट गरेको हुँ । सहज तर्फ लिँउ ।

माननीय सभामुख महोदय, १५ गते हाउसको पहिलो दिन प्रमुख प्रतिपक्ष दलको नेताको हैसीयतबाट मैले सम्मानित प्रदेश सभा समक्ष मेरा कुराहरु राखेको थिएँ र सभामुख ज्यू मार्फत प्रदेश सरकारलाई पनि अनुरोध गरेको थिएँ र ति कुराहरुको कमसेकम सदनले चैने जवाफ पाउनु पर्छ । सरकारबाट जवाफ आउनु पर्छ भन्ने हाम्रो अनुरोध थियो तर त्यो नभएको हुनाले पुनः हामी चै अवरोध गर्न बाध्य छौं ।

सभामुख महोदय, पहिलो कुरो के छ भने यो अभ्यासमा कसरी यो भने संसदीय व्यवस्थालाई मजबुत बनाउने यो सदनको मर्यादा कायम राख्ने भन्ने सर्न्दभमा मलाई एउटा भन्न मन लाग्छ । कि यो सदनमा व्यक्त गरेका कुराहरु सत्ता पक्षबाट, प्रमुख
प्रतिपक्षबाट सरकारबाट त्यो एउटा आफैमा एउटा रेकर्ड हो । त्यसलाई सम्मान

गर्नु पर्छ त्यसलाई रेस्पोर्न्स गर्नु पर्छ । यस सन्दर्भमा गत वर्ष अबण्डा बजेटलाई लिएर जुन हामीले विरोध गरेका थियौं । त्यतिखेर सरकारबाट के आश्वासन आएको थियो भन्दा कार्यविधि बनाउदाँ हामीले छुट्याईहाल्यौं । कार्यविधि बनाउदाँ खेरी माननीय सदस्य ज्यूहरुसँगको सहकार्यमा अथवा तपाईहरुसँग कन्सर्न गरेर हामी बनाउँछौं भनेर हामीलाई आश्वासन दिईएको थियो तर त्यो हुन सकेन र कार्यविधि बन्यो त्यति मात्रै होइन कार्यविधिलाई पुनःलेखन पनि गरियो तर हामीहरुलाई रेस्पोन्स गरिएन । यो चै कमसेकम आज सरकारले त्यो कुराको हामीलाई जवाफ दिनु पर्छ भन्ने हाम्रो पहिलो कुरो छ । दोस्रो यस विचमा अनुदानको रुपमा जे जति रकमहरु वितरण भए त्यो कुनै पनि हिसाबले त्यो चै के भने सदुपयोग भएको अवस्था छैन । र त्यसलाई एक प्रकारले छरिएको अवस्था छ त्यति मात्र होईन धेरै ठाउँमा साँच्चै भन्ने हो भने आस्थाकै आधारमा बाँढीएका कुराहरु पनि छन् । त्यसो भएको हुनाले त्यो राष्ट्रिय सम्पत्ती हो । विकास निर्माणमा सबैको सहभागिता हुनु पर्छ र यस किसिमको बजेटको जुन दुरुपयोग भएको छ । यस तर्फ चै कडीत कारवाही होस् अथवा यसको चैने स्पस्ट जवाफ आउनुपर्‍यो अन्यथा यसलाई सिरीयस लिनुपर्छ भन्ने हाम्रो अर्को भनाई छ र अर्को चै यहाँ कर्मचारीहरुको समायोजनको सन्दर्भमा आस्थाको आधारमा निर्धारीत मापदण्डलाई मिचेर यहाँ सरुवा हुने कुरो, पदस्थापना गर्ने कुराहरु भएका छन् र त्यो कुरामा हाम्रो असहमति छ । यो व्यवस्था सबैको साझा हो आस्था आ-आफ्नो हो । तर विधी र प्रकृया भन्दा बाहिर गयर गर्न पाईदैन यस तर्फ म सरकार सँग अनुरोध गर्न चाहन्छु । त्यस्तो कुराहरुलाई करेक्सन गरीयोस् । अर्को एउटा अनुरोध गर्न चाहन्छु जो विनियोजित रकमहरु ठेक्कामागए बाहेकका जो उपभोक्ता समिति मार्फत जाने रकमहरु छ । त्यसलाई कार्यान्वयन गर्ने सन्दर्भमा माथिबाटै अर्थात पावर सेन्टर बाटै इन्डीकेट भएर त्यहाँ चै उपभोक्ता समिति बनेको छ त्यो उपभोक्ता समितिले ठेकदार लगाएर काम गरेको छ अर्थात विनियोजन के भन्दाखेरी उपभोक्ता समिति, ठेकेदार एउटै साइड भैसकेपछि अनि त्यसको कसरी सदुपयोग हुन्छ । यस अर्थमा हाम्रो सरकार सँग अनुरोध छ र सभामुख ज्यू मार्फत कि कमसेकम उपभोक्ता समिति बनाउदाँखेरी तल्लो स्तरमा कानूनले विधानले प्रमुख प्रतिपक्षि दल या प्रतिपक्ष दल र सत्ता पक्ष नवनेता पनि छन् । विभिन्न पार्टिहरु भएको हुनाले त्यो उपभोक्ता समितिमा सबै पार्टीहरुको प्रतिनिधित्व हुने किसीमको मतलब व्यवस्था हुनु पर्छ भन्ने हाम्रो भनाईछ र अर्को चै यो जुन सुन्नमा आएको छ मिडीयाहरुमा अर्को छ । सरकारले एउटा कन्सेप्ट ल्यायो र त्यो इन्जोय जोनको रुपमा जसलाई चै नेपाली ९ करोड रुपैयाँ विनियोजित गरिएको छ भन्ने कुराहरु आएका

छन् । र यो विवादास्पद इन्जोय जोन कुन प्रकारको हो के हो ? आज हाम्रो समाजमा त्यो टाईपको इन्जोय जोनले के असर पार्दछ । यी कुराहरुमा सदनमा गम्भीर बहस नगरीकन यदी त्यो विनियोजित गरिएको छ भने त्यसलाई पनि रोकियोस् भन्ने हाम्रो चै भनाई छ र अर्को मैले अगीनै भनि सके कि प्रदेश सभासँग सम्बन्धित एउटा कुरो छ ।

गत अधिवेशनमा हामीले के शुन्नु परो पुर्‍यौं भने गण्डकी प्रदेश विजनेस विहीन भएको छ । सरकारबाट विधेयकहरु आएनन् भनेर मिडीया देखि लिएर सार्वजनिक रुपमा हामीले सुन्न परेको अवस्था थियो । अब त्यो नहोस् कमसेकम सरकारले विजनेस ल्याओस् र सदन चै सुचारु रुपमा निरन्तर चलोस् भन्ने पनि हाम्रो त्यहाँ सजेसन् छ र यिनै कुराहरु राखेर जबसम्म त्यो कुराहरुको स्पस्ट जवाफ आउदैन तबसम्म यो अवरोध कायमै रहने छ भन्ने सभामुख ज्यू मार्फत अनुरोध गर्न चाहन्छु ।

**माननीय सदस्यहरु बस्नुहोस्,**

**माननीय सदस्यहरु बस्नुहोस,**

**माननीय सदस्यहरु बस्नुहोस्**

**प्रतिपक्ष दलका माननीय सदस्यहरुको अवरोध कायमै रहेकाले अब यो बैठक २०७६ साल जेठ २० गतेको दिनको २:१५ बजे सम्मको लागि स्थगित हुन्छ ।**